नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प्रेस विज्ञप्ति

लेबनानमा विकसित पछिल्लो घटनाक्रमका सन्दर्भमा त्यहाँ रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरूको सुरक्षा तथा हित सुनिश्चित गर्ने तर्फ नेपाल सरकार पूर्णरूपमा सचेत रहेको छ। हालसम्म त्यहाँ रहेका नेपाली नागरिकहरू सुरक्षित रहेको तथा उनीहरूको सहजताका लागि निरन्तर प्रयत्न भइरहेको छ।

तत्कालै थप कुनै सहयोग आवश्यक परेमा लेबनानमा रहेका नेपाली नागरिकहरू तथा उहाँहरूका आफन्तहरूले कायरोस्थित नेपाली राजदूतावास तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको देहायको नम्बरमा जुनसुकै समयमा सम्पर्क गर्न सक्नुहुनेछः

दिपक घिमिरे, द्वितीय सचिव, नेपाली राजदूतावास, कायरोः +२०१०९७७७२३४८

श्रीकृष्ण सिलवाल, शाखा अधिकृत, परराष्ट्र मन्त्रालयः +९७७९८४९१७९५२०

साथै, लेबनानमा रहेका नेपालीहरूको सूची अद्यावधिक तुल्याउने प्रयोजनका लागि नेपाली राजदूतावास, कायरोको वेवसाइटमा रहेको लिंक https://eg.nepalembassy.gov.np/registration-of-nepali-nationals-in-lebabon/ मार्फत् आवश्यक विवरण उपलब्ध गराउनुहुन समेत लेबनानमा रहेका सम्पूर्ण नेपाली नागरिकहरूलाई अनुरोध छ।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं।
२०८१ साउन २१

सिंहदरबार, काठमाण्डौ, फोन नं. ४२००१८२-८६,फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np